Australian Government
Department of Health, Disability and Ageing



# मानिसहरूका लागि स्थानहरू: आवासीय वृद्ध हेरचाहमा विकल्प समावेश गर्ने

1 नोभेम्बर 2025 देखि, आवासीय वृद्ध हेरचाह स्थानहरू प्रदायकहरूलाई नभई वृद्ध व्यक्तिहरूलाई सिधै आवंटित गरिन्छ। यो परिवर्तनले तपाईंलाई सही आवासीय हेरचाह घर खोज्न थप विकल्प र नियन्त्रण दिन्छ।

## बारम्बार सोधिने प्रश्नहरू

**यदि म हाल आवासीय हेरचाह घरमा बसिरहेको छु भने, के म 1 नोभेम्बर 2025 देखि प्रभावित हुनेछु?**

यदि तपाईं पहिले नै आवासीय हेरचाह घरमा बस्नुहुन्छ भने तपाईंले केही गर्न आवश्यक छैन। सरकारले तपाईंको तर्फबाट तपाईंको वृद्ध हेरचाह आवासमा सिधै कोष प्रदान गर्न जारी राख्नेछ र तपाईंका सेवाहरू बिना अवरोध जारी रहनेछन्।

**यदि मैले 1 नोभेम्बर 2025 पछि आवासीय हेरचाहमा प्रवेश गर्ने योजना बनाएको छु भने मैले के गर्नुपर्छ?**

1 नोभेम्बर 2025 देखि सरकारद्वारा वित्त पोषित वृद्ध हेरचाह सेवाहरूमा पहुँच गर्न, सबै वृद्ध व्यक्तिहरू My Aged Care मा दर्ता हुनुपर्छ र उनीहरूको वृद्ध हेरचाह मूल्याङ्कन हुनुपर्छ।

सरकारी अनुदान प्राप्त सेवाहरू हेरचाह आवश्यकता भएका व्यक्तिहरूका लागि उपलब्ध छन् जो या त:

- 65 वर्ष र सो भन्दा बढी उमेरका छन्
- आदिवासी वा टोरेस स्ट्रेट टापुवासी हुन् र 50 वर्ष वा सो भन्दा बढी उमेरका छन्
- घरबारविहीन छन् वा घरबारविहीन हुने जोखिममा छन् र 50 वर्ष वा सो भन्दा बढी उमेरका छन्।

यदि तपाईं आवासीय हेरचाह घरमा जाने विचार गर्दै हुनुहुन्छ भने, पहिले आवासीय हेरचाहमा स्थानको लागि तपाईंको मूल्याङ्कन र अनुमोदन हुनुपर्छ। मूल्याङ्कनको व्यवस्था गर्न, तपाईंले My Aged Care लाई 1800 200 422 मा सोमबारदेखि शुक्रबार बिहान 8:00 बजेदेखि बेलुका 8:00 बजेसम्म र शनिबार बिहान 10:00 बजेदेखि अपरान्ह 2:00 बजेसम्म (स्थानीय समय) मा सम्पर्क गर्न आवश्यक छ वा सम्पर्क गर्नुहोस् | My Aged Careमा हेर्नुहोस्।

## आवासीय हेरचाह स्थान आवंटित गरिनु भनेको के हो?

तपाईंलाई आवासीय हेरचाहको लागि अनुमोदन गरिएपछि, तपाईंलाई आवासीय हेरचाह स्थान तोकिनेछ। जब तपाईंको आफ्नो स्थान प्राप्त गर्नुहुन्छ, तपाईंले आफ्नो लागि उपयुक्त घर छनौट गर्न सक्नुहुन्छ।

## मलाई आवासीय हेरचाह स्थान आवंटित गरिएको छ कि छैन भनेर मैले कसरी थाहा पाउनेछु?

तपाईंलाई आवासीय हेरचाहको लागि मूल्याङ्कन र अनुमोदन गरिसकेपछि, तपाईंलाई Notice of Decision [निर्णयको सूचना] पत्र मार्फत र तपाईंको My Aged Care अनलाइन खातामा तपाईंको स्थानको बारेमा सूचित गरिनेछ।

## मेरो Notice of Decision को सूचनामा मेरो प्राथमिकता वर्गको अर्थ के हो?

तपाईंको प्राथमिकता वर्ग आन्तरिक प्रतिवेदनको उद्देश्यहरूका लागि मात्र प्रयोग गरिन्छ र यसले हेरचाहमा पहुँच गर्ने तपाईंको क्षमतालाई असर गर्दैन। यदि तपाईंलाई आवासीय हेरचाहको लागि मूल्याङ्कन र अनुमोदन गरिएको छ भने, तपाईंलाई तुरुन्तै ठाउँ आवंटित गरिनेछ र तपाईंले छनौट गरेको समयमा हेरचाहमा प्रवेश गर्न सक्नुहुन्छ।

तपाईंको मूल्याङ्कनको क्रममा सोधिएका प्रश्नहरूका तपाईंका उत्तरहरूको आधारमा प्राथमिकता वर्ग निर्धारण गरिन्छ, साथै तपाईंको मूल्याङ्कनकर्ताद्वारा निर्धारण गरिएको आवासीय हेरचाहमा प्रवेश गर्नको लागि तपाईंको अत्यावश्यकताको स्तरको आधारमा गणना गरिन्छ।

## के आवासीय हेरचाह स्थानको मतलब आवासीय वृद्ध हेरचाह घरमा मलाई स्वतः कक्ष आवंटित गरिएको छ भन्ने हो?

स्थान आवंटित गरिनु भनेको तपाईंको मनपर्ने आवासीय हेरचाह घरमा कक्ष उपलब्ध छ भन्ने होइन। यदि तपाईंलाई स्थान आवंटित गरिएको छ भने, तपाईंले आफ्ना आवश्यकताहरू अनुसार सबै भन्दा उत्तम हुने आवासीय हेरचाह घर छनौट गर्न सक्षम हुनुहुनेछ। यद्यपि, तपाईंले अझै पनि आफ्नो हेरचाहका आवश्यकताहरूको बारेमा प्रदायकहरूसँग कुरा गर्न र तपाईंको लागि कुन आवास उपयुक्त छ भनेर हेर्न आवश्यक पर्नेछ। यदि तपाईंको मनपर्ने आवासमा कुनै खाली कोठाहरू छैनन् भने तपाईंलाई प्रतीक्षा सूचीमा राख्नुपर्ने हुन सक्छ।

**यदि म आवासीय हेरचाह स्थानको लागि अनुमोदित भएँ र मैले यसलाई निश्चित समय भित्र लिइन भने के मेरो स्थानको म्याद सकिन्छ?**

आवासीय हेरचाह स्थानहरूको म्याद सकिँदैन। हेरचाह आवासमा तपाईंको पहुँचको कुनै समय सीमाहरू छैनन्। एकचोटि तपाईंले आफ्नो स्थान पाउनु भएपछि, यदि तपाईंले घरमै अन्य वृद्ध हेरचाह सेवाहरू पहुँच गरिरहनुभएको छ भने पनि यो तपाईंसँगै रहन्छ।

साथै, यदि तपाईं भविष्यमा आवासीय हेरचाहमा प्रवेश गर्न चाहनुहुन्छ भने तपाईं विभिन्न वृद्ध हेरचाह सेवाहरू, जस्तै तपाईंको आफ्नै घरमा सहायता, र आफ्नो स्थान कायम राख्न जारी राख्न सक्षम हुनुहुनेछ।

**यदि मलाई अनुमोदन गरिएको छ र आवासीय हेरचाह स्थान आवंटित गरिएको छ भने, के मैले कोषहरूमा प्रत्यक्ष पहुँच प्राप्त गर्नेछु?**

तपाईंले स्थान स्वीकार गरेपछि अष्ट्रेलियाली सरकारले तपाईंको छनौट गरिएको आवासीय हेरचाह प्रदायकलाई तपाईंको तर्फबाट सिधै कोष प्रदान गर्दछ।

**म कसरी आवासीय वृद्ध हेरचाह प्रदायकसँग मेरो सिफारिस (रेफरल) कोड साझा गर्न सक्छु?**

जब तपाईंलाई आवासीय हेरचाहको लागि अनुमोदन गरिन्छ, तपाईंको लागि एउटा स्थान आवंटित गरिन्छ। तपाईंको सहायता योजनालाई तपाईंको Notice of Decision पत्रमा संलग्न गरिनेछ र यसमा तपाईंको रेफरल कोड/हरू समावेश हुनेछन्। प्रत्येक रेफरल कोड तपाईंको छनौट गरिएको प्रदायकसँग जोड्न र हेरचाह प्राप्त गर्न सुरु गर्न प्रयोग गरिने सेवाको प्रकारसँग जोडिएको एक अद्वितीय नम्बर हो।

प्रदायकसँग तपाईंको रेफरल कोड साझा गर्ने धेरै तरिकाहरू छन्:

- मूल्याङ्कनकर्ताहरू: तपाईंको मूल्याङ्कनकर्ताले तपाईंको रेफरल कोड तपाईंको छनौटको एक वा बढी अष्ट्रेलियाली सरकारद्वारा वित्त पोषित सेवा प्रदायकहरूलाई पठाउन सक्षम हुनेछ।
- स्व-सेवा: तपाईंले आफ्नो सहायता योजनामा रहेको रेफरल कोड/हरू प्रयोग गर्न सक्नुहुन्छ र यदि तपाईं चाहनुहुन्छ भने आफ्नो रेफरलहरू स्व-व्यवस्थापन गर्न सक्नुहुन्छ। तपाईंको रेफरल कोड/हरू तपाईंको कुनै पनि मनपर्ने प्रदायकहरूसँग सिधै साझेदारी गर्न सकिन्छ।
- My Aged Care: My Aged Care टोलीले तपाईंको तर्फबाट तपाईंको मनपर्ने प्रदायकलाई रेफरल कोड पठाउन सक्छ। My Aged Care लाई 1800 200 422 मा सोमबारदेखि शुक्रबार बिहान 8:00 बजेदेखि बेलुका 8:00 बजेसम्म र शनिबार बिहान 10:00 बजेदेखि अपरान्ह 2:00 बजेसम्म (स्थानीय समय) मा सम्पर्क गर्नुहोस् वा [सम्पर्क गर्नुहोस् | My Aged Care]मा हेर्नुहोस्।

**यदि मैले फरक आवासीय हेरचाह घरमा जान चाहेँ भने के हुन्छ?**

यदि तपाईं हाल आवासीय हेरचाह घरमा हुनुहुन्छ र फरक आवासमा जान चाहनुहुन्छ भने, तपाईंले आफूलाई आवंटित गरिएको आवासीय हेरचाह स्थान प्रयोग गर्न सक्नुहुन्छ। तपाईंको आवासीय हेरचाह स्थान तपाईंको हो र तपाईंसँग अन्य आवासीय हेरचाह घरहरूमा सर्नेछ।

नयाँ प्रदायकहरूसँग संलग्न हुन, तपाईंले आफ्नो रेफरल कोड पुनः सक्रिय गर्नुपर्नेछ र यसलाई नयाँ प्रदायकसँग साझा गर्नुपर्नेछ। तपाईं हालको प्रदायकको हेरचाहमा रहँदा नै यसलाई पुनः सक्रिय गर्न सकिन्छ। तपाईंको रेफरल कोडलाई तपाईंको My Aged Care अनलाइन खातामा पुनः सक्रिय गर्न सकिन्छ, वा तपाईंले My Aged Care मा फोन गर्न सक्नुहुन्छ। My Aged Care लाई 1800 200 422 मा सोमबारदेखि शुक्रबार बिहान 8:00 बजेदेखि बेलुका 8:00 बजेसम्म र शनिबार बिहान 10:00 बजेदेखि अपरान्ह 2:00 बजेसम्म (स्थानीय समय) मा सम्पर्क गर्नुहोस् | My Aged Care मा हेर्नुहोस्।

## मद्दत खोज्ने

तपाईं र तपाईंको परिवारलाई यी परिवर्तनहरूको अर्थ र तपाईंका लागि उपलब्ध विकल्पहरूबारे बुझ्न सहयोग तथा मद्दत गर्न हामी यहाँ उपस्थित छौँ।

हामी वृद्ध हेरचाह प्रदायकहरूका बारेमा थप जानकारी उपलब्ध गराइरहेका छौँ जसले तपाईंलाई आफ्नो लागि सही हेरचाह कहाँ प्राप्त गर्ने भन्नेबारे अझ उत्तम र सूचित निर्णयहरू लिन मद्दत गर्दछ। यसमा आवासीय हेरचाह प्रदायकहरूको लागि Star Ratings [तारा लगाएर गरिएका मूल्याङ्कनहरू] को प्रकाशन र अधिक पारदर्शी आवास जानकारी समावेश छ।

My Aged Care पनि तपाईंको मद्दतका लागि यहाँ छ।

- वृद्ध हेरचाह सेवाहरूमा कसरी पहुँच गर्ने भन्नेबारे जानकारी पाउन My Aged Care वेबसाइटमा हेर्नुहोस्।
- तपाईंले मूल्याङ्कनको लागि अनलाइन आवेदन दिन सक्नुहुन्छ र आफ्ना आवश्यकताहरू पूरा गर्ने स्थानीय वृद्ध हेरचाह प्रदायकहरूको खोजी गर्न सक्नुहुन्छ।
- तपाईंले सोमबारदेखि शुक्रबार, बिहान 8 बजेदेखि बेलुका 8 बजेसम्म र शनिबार, बिहान 10 बजेदेखि दिउँसो 2 बजेसम्म **1800 200 422** मा फोन गर्न सक्नुहुन्छ।

### अष्ट्रेलियाको वृद्ध हेरचाह प्रणालीमा सुधार गर्ने

अष्ट्रेलियाली सरकारले वृद्ध हेरचाह सुधार गर्न प्रमुख परिवर्तनहरू गरेको छ।

**Health.gov.au/aged-care-reforms** मा हेर्नुहोस्।

फोन **1800 200 422** (My Aged Care को निःशुल्क फोन लाइन)

अनुवाद र दोभाषे सेवाहरूका लागि 131 450 मा फोन गर्नुहोस् र 1800 318 209 को लागि सोध्नुहोस्।
National Relay Service प्रयोग गर्न, आफूलाई उपयुक्त हुने पहुँचयुक्त विधि छान्न nrschat.nrscall.gov.au/nrs वेबसाइटमा हेर्नुहोस् वा NRS Helpdesk लाई 1800 555 660 मा फोन गर्नुहोस्।